कार्यपालिका बैठक निर्णय प्रमाणिकरण
कृष्ण प्रसाद पोखेल
प्रमुख प्रशासकीय अधिकृत
प्रमाणिकरण मिति २०८२/१२/२० गते

**बैठक संख्या: ७७/०८२-८३, मिति २०८३/१२/२० गतेको कार्यपालिका बैठकका निर्णयहरु:**

क. स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPASS) विवरण प्रविष्ट भई प्रारम्भिक नतिजा सम्बन्धी कार्यपालिकामा समिक्षा गरियो, प्राप्ताङ्क ७८.६ प्रतिशत आएकोले सोको अनुगमन तथा मूल्याङ्कनका लागि जिल्ला समन्वय समितिको कार्यालय, वीरेन्द्रनगर सुर्खेतलाई सिफारिस गर्ने । कमजोर अंक आएका सूचकहरुमा आवश्यक छलफलका लागि विषगत समिति बैठक बसी पृष्ठपोषण गर्ने ।

ख. यस नगरपालिकामा विगत देखि संचालनमा आएको नयाँ वर्ष हुने **चन्द्र स्मृती कप २०८२** खेलकुद कार्यक्रम संचालनका लागि आर्थिक सहयोग गर्न भनि माग आएकोले नगर स्तरीय खेलकुद प्रर्वद्धन शिर्षकबाट रु. ५०००००।- उपलब्ध गराउने । साथै कराते खेलका संचालनका लागि रु. १५०,०००।- र कराते म्याट नियामानुसार खरिद गर्ने, रङ्गशाला गेट तथा स्टेच निर्माणका रु. १२५०००।- उपलब्ध गराउने गरी नगर स्तरीय खेलकुद विकास कार्यक्रम शिर्षकबाट भुक्तानी दिने ।

ग. यस नगरपालिका नगर उद्योग प्रर्वद्धन समन्वय समितिको मिति २०८२।१२।११ गतेको प्रविधि हस्तान्तरण सम्बन्धी निर्णय स्वीकृतीको लागि सिफारिस भएकोले बैठकमा बृहत छलफल भइ स्वीकृत प्रदान गरियो ।

घ. यस नगरपालिका वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको मिति २०८२।१२।१८ गते स्थानीय आपतकालिन कार्य संचालन तथा व्यवस्थापन सम्बन्धी निर्णय स्वीकृतको लागि पेश भएकोले बैठकमा बृहत छलफल भइ स्वीकृत प्रदान गर्ने ।

ङ. यस नगरपालिकाको आ.व. २०८२।०८३ वार्षिक स्वीकृत कार्यक्रम वडागत Resource Map निर्माण कार्यका लागि Ward-Wise Resource Mapping Work of Gurbhakot Municipality, Shubhaghat, Surkhet को Terms of Reference and Norms प्राविधिक शाखाबाट स्वीकृतका लागि पेश भएकोले स्वीकृती प्रदान गर्ने ।

च. श्री जनसेवा प्राथामिक विद्यालय नक्कलेको मिति २०८२।१२।०४ गतेको पत्रानुसार मिति २०८२।१२।०१ गते आएको हावाहुरीले विद्यालयको छाना उडाइ क्षती भएकोले सोको मर्मतको लागि पेश हुन आएकोमा रु. १,४०,०००।- मर्मत सम्भार शिर्षकबाट उपलब्ध गराउने

छ. यस नगरपालिका वडा नं. १३ स्थित नेपाल प्रहरी विशेष प्रहरी गणको व्यारेग भवन मिति हावाहुरीले उडाइ मर्मतको लागि पेश भएकोमा १ लाख ५० हजार मर्मत सम्भारबाट उपलब्ध गराउने ।

ज. यस नगरपालिका वडा नं. ३ मा वडा बाट विनियोजन रकमबाट विद्युत व्यवस्थापनको लागि कार्य सम्पन्न गर्न रकम अपुग भएकोले अपुग रकम रु. १,८०,०००।- र १ मा विद्युत व्यवस्थापनको लागि रु. ३५०००।- रकम भैपरी आउने विद्युत विस्तार तथा मर्मत तथा सुधार शिर्षकबाट उपलब्ध गराउने ।

झ. यस नगरपालिकाको वडा गत सार्वजनिक सुनुवाइको लागि २०८३ बैशाख १५ गते सम्म र पालिका स्तरीय सार्वजनिक सुनुवाइ बैशाख मसान्त सम्म गर्ने ।